# स्थानीय राजपत्र

वालिङ नगरपालिकाद्वारा प्रकाशित

खण्ड : १० वालिङ संख्या: १ मिति: २०८३ असार ८ गते

## भाग २

## सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि ड्रेस कोड सम्बन्धी, २०८३

मूल्य रु.

# वालिङ नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १० वालिङ संख्या: १ मिति: २०८३ असार ८ गते

## भाग २

## सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि ड्रेस कोड सम्बन्धी, २०८३

**प्रस्तावना**: सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको शैक्षिक वातावरणलाई सुदृढ बनाउन र उनीहरूको सामाजिक, आर्थिक अवस्थालाई मध्यनजर राख्दै राज्यले शिक्षा नीतिअन्तर्गत विभिन्न सहयोग कार्यक्रमहरू

सञ्चालन गर्दै आएको छ । यसै सन्दर्भमा वालिङ नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुमा अध्यापनरत विद्यार्थीहरुको पोशाकमा एकरुपता कायम गर्न वाञ्छनीय भएकोले,

नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (क) यस कार्यविधिको नाम "सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि ड्रेस कोड सम्बन्धी कार्यविधि, २०८३" रहेको छ ।

(ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "नगरपालिका" भन्नाले वालिङ नगरपालिकालाई जनाउँछ।

(ख) "प्रमुख" भन्नाले वालिङ नगरपालिका नगर प्रमुखलाई जनाउँछ।

(ग) "उपप्रमुख" भन्नाले वालिङ नगरपालिकाका नगर उपप्रमुखलाई जनाउँछ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले वालिङ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ।

(ङ) "सामुदायिक विद्यालय" भन्नाले वालिङ नगरपालिकाभित्र सञ्चालित नेपाल सरकारबाट नियमित रुपमा अनुदान प्राप्त गर्ने गरी स्वीकृत

तथा अनुमति प्राप्त कक्षा १ देखि कक्षा १० सम्म सञ्चालित विद्यालयलाई जनाउँछ।

(च) “विद्यार्थी” भन्नाले वालिङ नगरपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा १ देखि कक्षा १० सम्मका विद्यार्थीलाई जनाउँछ।

(छ) “पोशाक” भन्नाले वालिङ नगरपालिकाले नगरभित्रका सामुदायिक विद्यालयहरुमा कक्षा १ देखि कक्षा १० सम्म अध्ययन गर्ने विद्यार्थीहरुका लागि तोकिएको सेड नम्बर ५७ कमिज (सर्ट), सेड नम्बर ३१४ पाइन्ट वा फ्रक भन्ने बुझिन्छ।

(ज) “अभिभावक” भन्नाले विद्यालयको अभिलेख पुस्तिकामा जनाईएको विद्यार्थीको बुबा, आमा, हजुरबाबा, हजुरआमा तथा निजको संरक्षकलाई जनाउँछ। सो शब्दले कुनै विद्यार्थी अभिभावक विहीन भएमा हाल प्रचलित नेपाल कानूनले तोकेको अभिभावक समेतलाई जनाउँछ।

(झ) “रकम” भन्नाले कक्षा १ देखि कक्षा १० सम्म अध्ययनरत विद्यार्थीहरुका लागि तोकिएको रङ्गको पोशाक खरिद गरी विद्यार्थीले विद्यालयमा नियमित रुपमा लगाउने गरी विद्यार्थीको अभिभावकलाई प्रति विद्यार्थी रु. १,०००/- (एक हजार रुपैया) का दरले प्रदान गरिने रकमलाई बुझाउँछ।

(ञ) “शिक्षा शाखा” भन्नाले वालिङ नगरपालिका शिक्षा, युवा, तथा खेलकुद शाखालाई बुझाउँछ।

## परिच्छेद २

## पोशाक सम्बन्धी व्यवस्था

**३. पोशाक सम्बन्धी व्यवस्थाः**

(१) वालिङ नगरपालिकाले गुलाबी शहरको अवधारणा बमोजिम यस नगरपालिकाभित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा १ देखि कक्षा १० सम्मका विद्यार्थीहरुका लागि दफा २ को खण्ड (छ) बमोजिमको पोशाक लगाउने व्यवस्था गर्नेछ।

(२) विद्यार्थीका अभिभावकहरुले उपदफा (१) मा तोकिए बमोजिमको पोशाक सिलाई अनिवार्य रुपमा लगाई दिने व्यवस्या मिलाउनु पर्नेछ।

(३) सम्बन्धित विद्यालयको प्रधानाध्यापक एवं शिक्षकहरुले विद्यार्थीहरुलाई नगरपालिकाले तोकेको उपदफा (१) मा उल्लेखित पोशाक अनिवार्य रुपमा लगाउने व्यवस्था मिलाउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको पोशाक लगाउनको लागि सामुदायिक विद्यालयमा कक्षा १ देखि कक्षा १० सम्म अध्ययनरत विद्यार्थीहरुलाई वालिङ नगरपालिकाभित्र पोशाकमा एकरुपता कायम गर्ने उद्देश्यले पहिलो एक पटकका लागि नगरपालिकाले बजेटको व्यवस्था गरी दफा ४ को उपदफा (१) बमोजिमको मापदण्ड पुगेका विद्यार्थी संख्याको आधारमा विद्यालयको खातामा प्रति विद्यार्थी रु.१०००/- (एक हजार रुपैयाँ) का दरले निकासा दिनेछ। तत्पश्चात भने विद्यार्थीहरुको दफा २ को खण्ड (छ)

बमोजिमको पोशाकको व्यवस्था अभिभावकहरु स्वयंले नै गर्नुपर्नेछ।

## परिच्छेद ३

## <u>रकम उपलब्ध गराउने प्रक्रिया</u>

**४. <u>रकम उपलब्ध गराउने व्यवस्था एवं प्रक्रियाहरुः</u>**

(१) विद्यालयले कक्षागत रुपमा विद्यार्थीहरुको नाम थर र एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीबाट सिर्जित इमिस कोड नं. अनुसारको विवरण सहित पोशाकको रकम विद्यालयको खातामा उपलब्ध गराउनका लागि नगरपालिकामा सिफारिस पेश गर्नुपर्नेछ।

(२) विद्यालयबाट प्राप्त सिफारिसका आधारमा नगरपालिकाले विद्यार्थीहरुको विवरण सत्यापन गर्नुपर्नेछ।

(३) सत्यापन पश्चात नगरपालिकाले विद्यालयको खातामा तोकिएको रकम जम्मा गरिदिनु पर्नेछ।

(४) दफा ३ को (४) बमोजिम नगरपालिकाबाट प्राप्त रकम विद्यालयले विद्यार्थीहरुको अभिभावकलाई बुझाइ सोको भरपाई सात दिन भित्रमा नगरपालिकामा पेश गर्नुपर्नेछ।

## परिच्छेद ४

## अनुगमन निरीक्षण सम्बन्धी व्यवस्था

### ५. अनुगमन निरीक्षण सम्बन्धी व्यवस्था

(१) विद्यार्थीहरुले तोकिए बमोजिको पोशाक लगाए नलगाएको सम्बन्धमा नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाबाट समय समयमा अनुगमन हुनेछ।

(२) अनिवार्य रुपमा पोशाक लगाउने व्यवस्था मिलाउने कर्तव्य क्रमशः अभिभावक, विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरुको हुनेछ।

## परिच्छेद ५

## विविध

### ६. विविधः

(१) यस कार्यविधि कार्यान्वयनका लागि सामुदायिक विद्यालयहरुले एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (इमिस) मा विद्यार्थीहरुको विवरण प्रविष्टि गर्न बाँकी रहेको छ भने सो को प्रविष्टि तुरुन्त गर्नु पर्नेछ।

(२) विद्यार्थीहरुका लागि आवश्यक पर्ने कोट / स्विटर (छात्रको हकमा पाइन्ट र छात्राको हकमा फ्रकको) रङ्गसँग मिल्ने गरी हुनु

पर्नेछ तर टोपी, जुत्ता, टाई आदिको रङ्गको छनौट स्वेच्छिक हुनेछ र सोको व्यवस्था अभिभावकहरु स्वयंले गर्नु पर्नेछ।

**७. खारेजी र बचाउः**

(१) यस कार्यविधिमा रहेको व्यवस्था आवश्यकता अनुसार हेरफेर तथा संशोधन नगर कार्यपालिकाले गर्ने छ । यस कार्यविधिमा उल्लेखित विषयहरु बाझिएको हदसम्म अमान्य हुनेछ।

(२) यो कार्यविधि लागू हुनुभन्दा पहिले भएका यस्तै प्रकृतिका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

**प्रमाणीकरण मिति : २०८३/०३/०८**

**राजपत्रमा प्रकाशित मिति : २०८३/०३/०८**

**आज्ञाले,**
**जीवन ज्ञवाली**
**प्रमुख प्रशासकीय अधिकृत**